नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
धुन्चे, रसुवा
बागमती प्रदेश, नेपाल

फोन नं. ०१०-५४०१३१
हटलाईनः ०१०-५४००१९(२४सैं घण्टा)
ईमेलः rasuwadao@gmail.com
वेवसाईटः daorasuwa.moha.gov.np
Google+ code: 476K+J6
Google Plus Code 476W+J6F

पत्र संख्या :-
चलानी नं :-

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय रसुवा

## सम्बन्धित स्थानीयतहबाटै राष्ट्रिय परिचयपत्र कार्ड वितरण सम्बन्धी सूचना:

यस कार्यालयको समन्वय/सहजीकरणपश्चात श्री राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबाट मिति २०८१।१२।२९ र ३० गते जिल्लास्थित सबै स्थानीय तहहरूमा कार्यरत एम.आई.एस. अपरेटर र सूचना प्रविधि अधिकृतहरूलाई राष्ट्रिय परिचयपत्र वितरण सम्बन्धी अभिमुखीकरण सहितको तालिम सम्पन्न भै सकेको छ। उक्त तालिमपश्चात स्थानीय तहबाटै राष्ट्रिय परिचयपत्र वितरणका लागि आवश्यक पर्ने अस्थायी स्टेशन र अभियानबाट विवरण संकलन भएका राष्ट्रिय परिचयपत्र कार्ड र यस जिल्ला प्रशासन कार्यालयबाट विवरण संकलन भएका छपाई भई आएका कार्डहरू वितरणका लागि सम्बन्धित स्थानीय तहमा पठाई सकिएको छ। तसर्थ, मिति २०८२।०१।०२ गतेदेखि सम्बन्धित पालिका/वडा केन्द्रहरूबाट नै राष्ट्रिय परिचयपत्र वितरण गरिने हुँदा सक्कल **नेपाली नागरिकताको प्रमाणपत्र र परिचयपत्र आवेदन फर्म**सहित स्वयं व्यक्ति उपस्थित भई आफ्नो परिचयपत्र कार्ड सम्बन्धित पालिका/वडाबाट बुझ्नु हुनका लागि सम्बन्धित सबैमा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

पुनश्चः राष्ट्रिय परिचय पत्रको विवरण संकलन कार्य जिल्ला प्रशासन कार्यालयबाट नै नियमित रुपमा हुने व्यहोरा समेत जानकारी गराईन्छ।

मितिः २०८१।१२।३० गते

२०८१।१२।३०

(अर्जुन पौडेल)
प्रमुख जिल्ला अधिकारी